## *शम्भुनाथ नगर विकास योजना प्रमुख नीतिहरू :*

### *भौतिक पूर्वाधार विकास*

थुप्रै स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै महत्वपूर्ण मानिएका र नगर सडक गुरुयोजनामा परेका जिल्ला गौरवका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गर्ने नीति लिइएको छ। ग्रामीण क्षेत्रमा सडक सञ्जाल निर्माण तथा सिचाई आयोजनाहरु छनोट गर्दा कृषि पकेट क्षेत्रलाई आधार लिइनेछ। मर्मत संभार कोषको उचित व्यवस्थापन गरिनेछ। प्रत्येक योजनाका लागि विनियोजित रकमको २% रकम कट्टा गरी उक्त कोषमा जम्मा गरिनेछ। साझेदारीमा मर्मत संभार कार्य सञ्चालन गरिनेछ। नगर यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। अपाङ्ग मैत्री संरचनामा जोड दिइनेछ। यस आर्थिक वर्षमा आगामी ५ वर्षभित्र सम्पन्न गरिने अत्यावश्यक र शहरी पुर्वाधारका लागि अनिवार्य योजनाहरुको सहभागितात्मक प्रकृयाबाट छनौट गरी Project Bank बनाईनेछ।

### *खानेपानी तथा सरसफाई*

खानेपानी तथा सरसफाईको कठिनता मापन गरी खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु सञ्चालन गरिनेछ। यस नगरलाई खुल्ला दिशामुक्त क्षेत्र (ODF) घोषणा गर्ने जिल्ला सरसफाई सम्मेलन २०७० को घोषणाअनुरुप परिमार्जित खानेपानी तथा सरसफाई सम्बन्धी रणनीतिलाई यसै परिषद्बाट स्वीकृत गरी लागु गरिनेछ। उक्त लक्ष्यलाई मूर्तरुप दिन सरकारी, गैर सरकारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी समेतको सहयोग र सहकार्यमा यस कार्यलाई अभियानको रुपमा अगाडि बढाउने नीति लिइनेछ। ODF गर्ने वडाहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने नीति लिइनेछ। खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा जिल्ला खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्बन गरिनेछ। ODF भएको वडाहरुमा POST ODF कार्यक्रम सञ्चालन गरिनेछ। सरसफाई वानी व्यवहार परिवर्तन गर्न स्थानीय निकायको अगुवाईमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। खुला दिशामुक्त घोषणा कार्यान्वयनमा युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सवल नेपाल र सप्तरी सामुदायिक विकास केन्द्र (गै.स.स.) संग समन्वय र साझेदारीमा कार्यक्रम गरिएकोले उक्त संस्थाको कृयाशिलतामा सो अभियानलाई सार्थक बनाईनेछ। फोहोर मैला व्यवस्थापनका लागि लागत सहभागिताका आधारमा छनौट गरिएको “सेभ द नेपाल” सप्तरीको कार्यको नियमित अनुगमन तथा सुपरिवेक्षणका लागि गठित अनुगमन समिति र कार्यालयमा फोहोर मैला व्यवस्थापन इकाईको व्यवस्था गरी सो कार्यलाई उच्च प्राथमिकतामा राखी नगरवासीको पुर्ण सहयोग र समर्थनको अपेक्षा गरिएको छ। वातावरण मैत्री स्थानीय शासन कार्यक्रम अर्न्तगत नगरपालिका भित्रका ९०५ घरधुरीलाई विपन्नताको आधारमा वडा नागरिक मञ्चको सिफारिसमा शौचालय सामाग्रीहरु वितरण गरिएको सकरात्मक नतिजा प्राप्त भएकाले सो कार्यलाई निरन्तरता दिईनेछ।। यस आर्थिक वर्षमा फोहर मैला प्राविधिक सहयोग केन्द्रसँग Solid Waste Management Centre को IEE गरिदिन र डस्टविन तथा कम्पोष्ट विन समेतको सहयोग माँग गरिने छ

### *विपत् व्यवस्थापन तथा भू-संरक्षण*

प्रकोपबाट जिल्लावासीको सुरक्षाको लागि समयमा प्रकोप सूचना प्रवाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ। साथै सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। जिल्लाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। जिल्ला आपतकालीन उद्धार केन्द्र (DEOC) लाई अवाश्यक सहयोग पुर्‍याइनेछ। डुवान, कटान तथा भू-क्षय नियन्त्रणको लागि कार्यक्रम सञ्चालन गर्न आवश्यक पहल गरिनेछ। यसै आर्थिक वर्षमा विपद व्यवस्थापन कोष स्थापना गरिनेछ, सो कोषको सञ्चालनका लागि आवश्यक कार्यविधि वनाई लागु गरिनेछ।

### *विद्युत तथा वैकल्पिक ऊर्जा*

यस नगरलाई उज्यालो सहर बनाउन बैकल्पिक ऊर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै.स.स.को सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ। बैकल्पिक ऊर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ। ऊर्जा तथा वातावरण इकाईबाट ऊर्जा तथा वातावरण शाखामा रूपान्तरण गरिनेछ। वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग सडक सौर्य वत्तिका लागि लागत सहभागिताको आधारमा सहयोग माँग गरि आगामी ५ वर्षभित्र “उज्यालो शम्भुनाथ” को लक्ष्य हासिल गरिने छ।

### *शिक्षा*

सामुदायिक विद्यालयबाट SLC परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने १ जना छात्र र एक जना छात्रा, र दलित मध्येबाट सर्वोत्कृगष्ट अंक प्राप्त गर्नेलाई दोहोरो नपर्ने गरी पुरस्कार उपलब्ध गराइने छ। प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालक मार्फत प्रोत्साहित गरी साक्षरता प्रतिशतमा सुधार गरिनेछ। राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमूलक बनाउन जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रमा क्रियाशील गै.स.स.हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ। नगरमा खेलकुद विकास कोष खडा गरी खेलकुद विकासमा जोड दिइनेछ। खेलकुद विकास समिति मार्फत खेलकुदमा सहयोग गरिनेछ। सामुदायिक विद्यालयहरुमा भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समनवय गरी श्रोतको व्यवस्थापन गरिनेछ। प्रत्येक वडामा वाल विकास केन्द्रको विकास गरिदै जाने नीति लिईएको छ।

### *स्वास्थ्य*

नगरको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्रहरुमा क्रमशः चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि जिल्ला स्वास्थ्य कार्यालय मार्फत आवश्यक साधन स्रोतको व्यवस्थाको लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गरिनेछ। HIV/AIDS नियन्त्रणको लागि प्रभावकारी कार्यक्रम बनाइनेछ। यस क्षेत्रमा क्रियाशील संघ संस्थाहरुबीचको समन्वयलाई सुदृढ तुल्याइने छ। नगरको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ। आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागि सहयोग पुर्‍याईनेछ। नेपाल सरकारको नगर स्वास्थ्य केन्द्र सम्बन्धि व्यवस्थालाई जिल्ला जनस्वास्थ्य

कार्यालयको समन्वयमा गत वर्ष देखि कार्यान्वयनमा ल्याई सञ्चालन गरिएकोमा बिरामीहरुको अत्याधिक चापका कारण स्वास्थ्य मन्त्रालयबाट प्राप्त हुने रकम कम हुनाले सोका लागि नगरपालिकाको श्रोतबाट आवश्यक रकमको व्यवस्था गरिनेछ ।

## *वन, वातावरण तथा जलवायु परिवर्तन*

सडक निर्माण गर्दा दुबैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयन गरिनेछ । वृक्षारोपण तथा भू-संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ । जलवायु परिवर्तनबाट जिल्लामा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । वातावरण मैत्री विकास पूर्वाधारण निर्माणमा जोड दिइनेछ । हरीत शहरको अवधारणा अनुरुप पार्क निर्माण ,बिकास र प्रबर्द्धनमा जोड दिइनेछ ॥ प्रत्येक योजना तथा कार्यक्रमहरुवाट १ प्रतिशतले हुन आउने रकम वातावरणिय संरक्षण शुल्क उठाई सो उठेको रकमको २५ प्रतिशतले हुन आउने रकम नगरपालिका श्रोतबाट थप गरी एक वातावरणिय संरक्षण कोष स्थापना गरिनेछ, सो कोषको सञ्चालन कार्यविधि निर्माण गरी सोमा व्यवस्था भए वमोजिम गरिनेछ ।

## *कृषि तथा पशु*

निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ  उन्नत खालका पशुपालनमा प्रोत्साहित गरिनेछ । कृषि सहकारितालाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व वृद्धिको आधार बनाईनेछ । सार्वजनिक निजी साझेदारीमा जिल्लाको मध्य क्षेत्रमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ ।  कृषि पकेट क्षेत्रलाई आधार लिई एकिकृत रुपमा सुविधा विस्तार गरी जिल्लाको उत्पादन र उत्पादकत्व बृद्धि गर्न जिल्ला कृषि विकास कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरिनेछ । साथै छाडा पशु नियन्त्रणका लागि कार्याविधि निर्माण गरी लागु गरिनेछ । साथै स्यालो टयुव वेल, डिप वोरिङ्गको लागि सिचाई मन्त्रालयससँग माँग गरिनेछ ।

## *सहकारी, गरिवी न्यूनीकरण तथा उद्यमशीलता विकास*

विपन्न लक्षित समूहका लागि आयमूलक तथा सीपमूलक कार्यक्रम गै.स.स. समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ । सो तालिम पश्चात सोको कारणबाट भएको कामकारवाहीको प्रभाव मुल्याङ्कंन समेत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ । सहभागिताको माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरण एवं सामाजिक पूँजी निर्माणमा जोड दिइनेछ । लघु उद्यमको विकासको माध्यमबाट गरिवी निवारण गर्न गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम र उद्योग वाणिज्य संघ मार्फत सञ्चालित लघु उद्यम कार्यक्रम) सञ्चालनमा जोड दिइनेछ । शिपमुलक तालिम पश्चात सो कार्यको प्रभाव विश्लेषण (Outcome Analysis) अनिवार्य गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।

## *व्यवस्थित वस्ती विकास*

समुदायको अग्रसरतामा वस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समुदायको अग्रसरतामा व्यवस्थित वस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ । आगामी आवमा व्यवस्थित वस्ती विकास गर्न  बजेट प्रस्ताव गरिएको छ । भवन निर्माण तथा नक्शापास मापदण्ड २०७३ यसै आर्थिक वर्ष देखि लागू गरिएकोछ ।

## *पर्यटन*

पर्यटन प्रवर्द्धनको लागि नगरमा प्रमुख पर्यटकीय स्थलहरूको पूर्वाधार विकास गरिनेछ । यस नगरलाई धार्मिक पर्यटकस्थलकोरुपमा विकास गर्न शम्भुनाथ बाबा मन्दिर लगायत महत्वपूर्ण धार्मिकस्थलहरुको विकास र सुन्दर शहरको निर्माण गर्न एकिकृत गुरुयोजना निर्माण गरी गुरु योजना अनुसार सम्बन्धित निकायसंगको साझेदारीमा विकास प्रक्रियालाई अगाडी बढाइनेछ ।पर्यटकीय क्षेत्रलाई विस्तार गर्न बावा शम्भुनाथ मन्दिर, दुर्गापुर गढी, चन्द्रभोगा माहादेव मन्दिर, रामजानकी मन्दिर, वडा नं.४ मा राधाकृष्ण मन्दिर, हनुमान मन्दिर , बिष्णु मन्दिर लगायतका मठ, मन्दिरलाई मर्मत संभार गरी व्यवस्थितरुपमा संरक्षण गरिनेछ । यस नगर क्षेत्रभित्र रहेका पिकनिक स्पोर्टको स्तरोन्नति गरी कार्यान्वयनमा ल्याईने छ ।

## सुशासन तथा संस्थागत विकास

यस निकायबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नगर नागरिक बडापत्र तयार गरिनेछ । नगरमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समीक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

## *लक्षितवर्ग तथा समावेशीकरण*

लक्षितवर्ग तथा सामाजिक समावेशीकरण तर्फ सामाजिक परिचालनको माध्यमद्वारा लक्षित समूहलाई सशक्तिकरण गरी मागमा आधारित कार्यक्रम अझ प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । बालश्रम उन्मूलन तथा बाल अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडि बढाइने छ ।  ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गरिनेछ । साथै ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापनाको लागि आवश्यक सहयोग पुऱ्याइनेछ ।

## *मानव संशाधन विकास*

नगरमा सञ्चालन हुने कार्यक्रमहरूमा प्रभावकारिता ल्याउन गै.स.स. डेस्क सुदृढीकरण गरी नगरको विकास निर्माणमा गै.स.स.को भूमिका थप प्रभावकारी बनाउने कार्य गरिनेछ । यसको लागि गै.स.स.सँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ । जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ । कर्मचारीहरुको कार्य विवरण, २०७३ लागू गरिनेछ । कर्मचारीहरुको आचार संहिता निर्माण गरी सोमा कर्मचारी माथि हुने लैङ्गिक तथा यौनजन्य हिंसाबाट ति कर्मचारीहरुको कार्य सम्पादनमा पर्ने असर एवम प्रभाव न्यूनिकरणका लागि एक Sensual Harassment Desk को समेत अनिवार्य व्यवस्था गरी सो कृयाकलापलाई उच्च प्राथमिकतामा राखी शुन्य सहनशिलताको सिद्धान्त वमोजिम कारवाही प्रकृया अगाडी वढाईनेछ, कार्यस्थलमा अनिवार्यरुपमा CCTV को व्यवस्था गरी सो मार्फत समेत नियन्त्रण गरिनेछ ।